मिति २०७९/०३/२७

सम्माननीय प्रधानमन्त्रीज्यू,
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं ।

**मार्फत**

श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यू,
जिल्ला प्रशासन कार्यालय,
जाजरकोट ।

**विषय : संयुक्त ज्ञापन पत्र ।**

सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै सार्वजनिक सेवामा जनताको सहज र समान पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने राज्यको उद्देश्य रहेको सन्दर्भमा राष्ट्रसेवक कर्मचारीहरुको भूमिका अहम् रहेको छ । देश सङ्घीय राज्य व्यवस्थामा गएको लामो समयसम्म पनि सङ्घीय शासन प्रणालीको कार्यान्वयनको लागि संघ, प्रदेश तथा स्थानीय तहको कर्मचारी प्रशासन व्यवस्थापन एवं मार्ग दर्शन गर्ने छाता कानूनको रुपमा रहेको **सङ्घीय निजामती सेवा ऐन जा**री नहुँदा मुलुकको सार्वजनिक प्रशासन अन्योल र अस्थिरताको भुमरीमा परेको छ । सार्वजनिक सेवा प्रवाहको प्रमुख माध्यमको रुपमा रहेको देशको निजामती सेवालाई व्यवस्थापन गर्ने विषय सरकारको प्राथमिकतामा नपर्नु गम्भीर चिन्ताको विषय हो । यस विषयमा राष्ट्रियस्तरका ट्रेड युनियनले नेपाल सरकार र सरोकारवाला निकायलाई पटक पटक ध्यानाकर्षण गराउदैं आएका छौं ।

समग्र कर्मचारीको साझा हित र निजामती प्रशासनको मार्गदर्शनको रुपमा रहेको ऐन निर्माणको प्रक्रियामा सरोकारवाला पक्षहरुको अर्थपूर्ण सहभागिता अपरिहार्य रहेकोले यस्ता विषयमा सम्बन्धित पक्षहरुसँग सघन छलफलको आवश्यकता रहेको छ । सो कार्यलाई मनन गर्दै **नेपाल सरकारले सरोकारवाला पक्षहरुको सहमतिमा निजामती प्रशासनलाई संघीय शासन अनुरुपको ढाँचामा व्यवस्थित गरी जनताको सेवा प्रवाहलाई चुस्त दुरुस्त, प्रभावकारी, पारदर्शी एवं नागरिक मैत्री गराउने कार्यमा सहयोग पुग्ने गरी ऐन जारी गर्न राष्ट्रियस्तरका ट्रेड युनियनबाट विभिन्न मिति तथा समयमा पेश भएका यसै साथ संलग्न सुझावहरुलाई समेटी संघीय संसदको चालू अधिवेशनबाट यथाशीघ्र सङ्घीय निजामती सेवा ऐन जारी गर्न नेपाल सरकार समक्ष जोडदार माग गर्दछौं । साथै यस चालु अधिवेशनबाट संघीय निजामती सेवा ऐन जारी नभएमा संघर्षका थप कार्यक्रमहरुलाई अघि बढाइने व्यहोरा समेत जानकारी गराउँदछौं ।**

| ............... | ................ | ................ |
| --- | --- | --- |
| अध्यक्ष | अध्यक्ष | अध्यक्ष |
| नेपाल निजामती कर्मचारी संगठन | नेपाल निजामती कर्मचारी युनियन | नेपाल राष्ट्रिय कर्मचारी संगठन(निजामती) |
| जिल्ला कार्य समिति जाजरकोट | जिल्ला कार्य समिति जाजरकोट | जिल्ला कार्य समिति जाजरकोट |

.....................
अध्यक्ष
एकीकृत सरकारी कर्मचारी संगठन, नेपाल
जिल्ला कार्य समिति जाजरकोट

## मागहरु:

**१. परिभाषा:**

**क) निजामती कर्मचारी:** "निजामती कर्मचारी" भन्नाले संघ, प्रदेश र स्थानीय तहमा कार्यरत सबै सेवा समूह र तहका कर्मचारीहरुलाई सम्झनु पर्दछ ।

**ख) ट्रेड युनियन:** "ट्रेड युनियन" भन्नाले मान्यता प्राप्त राष्ट्रियस्तरका ट्रेड यूनियनहरुलाई जनाउँदछ र सो शब्दले निजामती कर्मचारीको आधिकारिक ट्रेड यूनियनलाई समेतलाई सम्झनु पर्दछ ।

२. **निजामती सेवाको गठन** :

- संघ, प्रदेश र स्थानीय तहमा एकरुपता कायम गर्न संघमा तहगत प्रणाली लागु गर्नुपर्ने ।
- श्रेणी र तह - निजामती सेवामा देहाय बमोजिमका तह रहने छन :-

| अधिकृत स्तर | सहायक स्तर | प्रारम्भिक तह |
|---|---|---|
| बाह्रौ तह | पाचौ तह | तृतिय तह |
| एघारौ तह | चौथो तह | द्बितिय तह |
| दशौं तह | | प्रथम तह |
| नवौ तह | | |
| आठौ तह | | |
| सातौ तह | | |
| छैटौ तह | | |

- निजामती सेवामा रहेका विभिन्न सेवाका समुहहरुको औचित्यताका आधारमा पुनरावलोकन गर्नु पर्ने । जस्तै न्याय सेवाका सरकारी वकिल कानुन र न्याय समुह हटाइ एउटै सेवा समुह राख्दा उपयुक्त हुने साथै सूचना प्रविधि समुह थप गर्नुपर्ने ।

**३. पदपूर्ति (भर्ना, छनौट तथा पदस्थापना):**

प्रारम्भिक तह, सहायक तह, (चौथो/पाँचौ तह) र छैटौं तहको पदलाई प्रवेश विन्दु मानी सोही मापदण्डको आधारमा पदपूर्ति गरिनु पर्ने ।

| सि.नं. | तह | खुला | आन्तरिक प्रतियोगिता | कार्यसम्पादन तथा जेष्ठता | अन्तर तहसेवा प्रतिस्पर्धा | प्रवेश विन्दु |
|---|---|---|---|---|---|---|
| १ | प्रथम | १०० | | | | प्रवेश विन्दु |
| २ | द्बितिय | | | ९० | १० | |
| ३ | तृतिय | | | ९० | १० | |
| ४ | चौथो | ७० | २० | १० | - | प्रवेश विन्दु |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | पाचौं | चौथो तहमा पाँच वर्ष पुरा भएका कर्मचारीको तह बृद्दी हुने (पाँचौमा प्रवेश विन्दु भएमा चौथो तह अनुसारै पदपूर्ति गरिनु पर्ने ।) | | | | |
| ६ | छैटौं | ५० | १० | ३० | १० | प्रवेश विन्दु |
| ७ | सातौं | छैटौं तहमा पाँच वर्ष पुरा भएका कर्मचारीको तह बृद्दी हुने | | | | |
| ८ | आठौं | सातौं तहमा पाँच वर्ष पुरा भएका कर्मचारीको तह बृद्दी हुने | | | | |
| ९ | नवौं | - | २० | ७० | १० | |
| १० | दशौं | नवौं तहमा पाँच वर्ष पुरा भएका कर्मचारीको तह बृद्दी हुने | | | | |
| ११ | एघारौं | | २० | ७० | १० | |
| १२ | बाह्रौं | | | १०० प्रतिसत | | |

**यदि श्रेणीगत भएमा :**

| सि.नं. | तह/श्रेणी | खुला प्रतियेगिता | आन्तरिक प्रतियेगिता | अन्तर तह प्रतियेगिता | बढुवा (जेष्ठताबाट) | बढुवा (कार्यक्षमता) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | श्रेणी विहिन/राजपत्र अनंकित पाँचौ | १०० | | | | | |
| २ | राजपत्र अनंकित द्वितीय | ६० | १० | | २० | १० | |
| ३ | राजपत्र अनंकित प्रथम | ४० | | | ४० | २० | |
| ४ | राजपत्रांकित तृतीय | ५० | १० | १० | ३० | | |
| ५ | राजपत्रांकित द्वितीय | | १० | १० | ६० | २० | |
| ६ | राजपत्रांकित प्रथम | | १० | १० | ६० | २० | |
| ७ | राजपत्रांकित विशिष्ट | | | | ३० | ७० | |

- ५ वर्ष सेवा अवधि पूरा भएपछि एक तह अनिवार्य बृद्धि (व्याच प्रमोसन)को व्यवस्था गरियोस् ।
- यो ऐन लागू हुँदाका वखत एकै पदमा ९(नौ) बर्ष सेवा अवधी पुगेको र माथिल्लो पदको लागि न्यूनतम् योग्यता भएको कर्मचारीलाई २ (दुई) तह बढूवा गरि तह मिलानको व्यवस्था गरियोस् ।
- प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीहरु र प्रदेश निजामती सेवा ऐन, र स्थानीय सेवा ऐन जारी नभएको सन्दर्भमा कर्मचारी समायोन ऐन, २०७५ बमोजिम पछिल्लो पटक लोकसेवा आयोग पास गरी स्थानीय तहमा नियुक्त भएका ९,१६१ कर्मचारीहरुलाई पनि निजामती कर्मचारीहरुको परिभाषामा समेट्न र निजहरुको सेवा, सुविधा र वृत्ति विकासको सुनिश्चितता गरियोस् ।
- निजामती सेवाको भर्ना र छनौट प्रक्रियालाई बैज्ञानिक, व्यवस्थित र बस्तुगत बनाईयोस् ।
- सेवामा बहाल रहेका कर्मचारीलाई खुला तथा आन्तरिक प्रतिस्पर्धामा सहभागी हुन उमेरहद नलाग्ने वर्तमान व्यवस्था यथावत कायम राखियोस् ।

- राजपत्र अनंकित पदमा कम्तिमा ६ वर्ष सेवा अवधि पूरा गरेको र स्नाकोत्तरको उपाधि हासिल गरेको राजपत्र अनंकित कर्मचारी रा.प. प्रथम र द्वितिय श्रेणीको खुल्ला र आ.प्र. पदमा उम्मेदवार हुन पाँउने व्यवस्था गरियोस् । (निजामती सेवाको कुनै पनि पदमा ५ वर्ष सेवा अबधि पुगेको र माथिल्लो सम्बन्धित पदको लागि आवश्यक शैक्षिक योग्यता भएको कर्मचारीले माथिल्ला जुनसुकै पदको खुला तथा आन्तरिक प्रतियोगितामा उमेद्वार हुन पाउने)
- निजामती सेवाको कुनै पनि पदमा एक व्यक्तिलाई एक पटकका लागि मात्र आरक्षणको व्यवस्था गर्ने तथा आरक्षणलाई व्यवस्थित गरियोस् ।
- लोक सेवा आयोगबाट खुला तथा बढुवा प्रणालीद्वारा सिफारिस भएका कर्मचारीहरुलाई लोकसेवा आयोगको सिफारिस योग्यता क्रम अनुसार नै पदस्थापन गर्ने व्यवस्था गरियोस् ।
- योग्यता र क्षमतालाई आधार बनाई Right man in right place को अवधारणा अनुसार पदस्थापना प्रणाली बिकास गरियोस् ।
- वर्षौवर्ष करारमा कार्यरत कर्मचारीहरुलाई महंगी भत्ता, भैपरी र पर्व, विरामी, प्रसुती तथा असक्त विदाको व्यवस्था गरियोस् ।
- निजामती क्षेत्रमा बिभिन्न पदमा कार्यरत अस्थायी, करार, ज्यालादारी कर्मचारीहरुलाई निम्नानुसार ब्यबस्थापन गरियोस् ।
    - हाल कार्यरत सबै (करार र ज्यालदारी) कर्मचारीहरुलाई अस्थायी दरबन्दीमा मिलान गरियोस् ।
    - ४० बर्ष उमेर पुरा भै १० बर्ष भन्दा बढी सेवा अबधी पुगेका अस्थायी, करार र ज्यालादारी कर्मचारीलाई एक बर्ष बराबर १ महिनाका दरले हुन आउने, १५ बर्ष सेवा गरेकोलाई एक बर्ष बराबर डेढ महिनाका दरले हुन आउने एकमुष्ट उपदान रकम उपदान दिई अबकास दिने ।
    - ३ बर्ष सेवा अबधि पुरा भै पचास बर्ष ननाघेका तोकिएको योग्यता पुरा भएका हाल अस्थायी, करार र ज्यालादारीमा कार्यरत कर्मचारीलाई आन्तरिक प्रतियोगिताद्वारा स्थायी गर्ने प्रक्रिया अगाडी बढाउने । (प्रारम्भिक तहकोलाई आन्तरिक अन्तरसेवाको लागि एक पटक ५०% छुट्याउने)

**४. सरुवा :**

- सरुवा स्वःचालित, वैज्ञानिक, चक्रीय र पूर्वानुमान योग्य हुने व्यवस्था गरियोस् ।
- हिमाल, पहाड, तराईमा रहेका जनसम्पर्कका कार्यालयहरुको आधारमा वर्गिकरण गरी हिमाल पहाड र तराईका कार्यालयको तह मिलान गरी चक्रीय र पूर्वानुमान योग्य हुने व्यवस्था गरियोस् ।
- समायोजन ऐन २०७५ बमोजिम निजामती सेवाबाट संघ, प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीहरुलाई निश्चित समयावधि पश्चात एक पटकलाई आफुले चाहेको तह (संघ, प्रदेश र स्थानीय) मा सरुवा भई जान पाउने व्यवस्था गरियोस् । साथै समायोजन ऐन २०७५ बमोजिम समायोजन रोज्न नपाएका न्याय सेवा लगायतका कर्मचारीहरुलाई समेत एक पटक समायोजनका लागि प्रदेश तथा स्थानीय तह रोज्न दिई प्रदेश तथा स्थनीय तहमा रहेको दक्ष तथा अनुभवी कर्मचारीको अभाव पूर्ति गरियोस् ।
- प्रदेश निजामती सेवाका कर्मचारी र स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको प्रदेश भित्रका प्रदेश र स्थानीय तहमा सम्बन्धित प्रदेशको मुख्यमन्त्री कार्यालयले सरुवा गर्न सक्ने र अन्तर प्रदेश र अन्तर प्रदेश स्थानिय तहमा सरुवा गर्नु पर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गर्ने व्यवस्था गरियोस् ।
- पति/पत्नि दुवै निजामती सेवामा रहेको भए दुवैलाई पायक पर्ने गरी सरुवा हुने व्यवस्था गरियोस् ।

**५. बढुवा :**

- सबै सेवा समूहका कर्मचारीहरुको समान समयमा बढुवा हुने गरी दरबन्दी संरचना निर्माण गरियोस् ।
- समायोजनको माध्यमबाट प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीहरुले समायोजन भएको निकायमा बढुवा नपाएसम्म संघीय निजामती सेवामा बढुवाको लागि उम्मेदवार हुन पाउने व्यवस्था गरियोस् ।

- कुनै पनि श्रेणीको पदमा सेवा प्रवेशका बखत तोकिएको न्यूनतम योग्यतानै उक्त पद भन्दा माथिल्लो पदमा बढुवाको लागि न्यूनतम योग्यता हुने ब्यवस्था गरियोस् ।
- “क” वा “ख” वर्गको भौगोलिक क्षेत्रमा कम्तीमा १ वर्ष र अन्य भौगोलिक क्षेत्रमा १ वर्ष ६ महिना सेवा गरे पश्चात मात्र बढुवाको उम्मेदवार हुन पाउने व्यवस्था गरियोस् ।
- जिल्ला स्थित रिक्त पदमा बढूवा हुनको लागि उक्त जिल्ला वा अन्तर्गतका कार्यालयहरुमा कम्तिमा १ वर्ष रुजु हाजिर भएको हुनु पर्ने व्यवस्था गरियोस् ।
- सबै तह र सेवाका पदहरुमा समान किसिमको बढुवा प्रणाली कायम गर्दै Batch Promotion प्रणाली, आन्तरिक, अन्तरतह र खुला प्रतिस्पर्धाको व्यवस्था गरी अन्य श्रेणी र पदको पदपूर्तिमा भएको हालको व्यवस्था यथावत राखियोस् । यो व्यवस्था संघीय निजामती सेवाबाट प्रदेश तथा स्थानीय तहमा समायोजन भई गएका निजामती कर्मचारीहरुको हकमा समेत लागू हुने व्यवस्था गरियोस् ।
- प्रदेश तथा स्थानीय तहमा छैटौं तहमा समायोजन भएका कर्मचारीहरुको वृत्ति विकास साँघुरो हुन नदिन प्रदेश तथा स्थानीय तहमा सेवा प्रवेश पद सातौं तहको सट्टा छैटौं तह हुने व्यवस्था गरियोस् ।
- विभिन्न सेवा समूहबाट समायोजन ऐन बमोजिम संघ, प्रदेश र स्थानीय तहमा साविकको भन्दा फरक सेवा समूहको पदमा समायोजन भएका कर्मचारीहरु तोकिए बमोजिम सेवा अवधि र योग्यता पुगेको छ भने समायोजित सेवा समूहको पद भन्दा माथिल्लो पदमा बढुवाको लागि प्रतिश्पर्धा गर्न पाउने ब्यवस्था गरियोस् । स्थानीय तहका कर्मचारीले प्रदेशमा र प्रदेशका कर्मचारीहरुले संघको रिक्त पदमा बढुवाको लागि प्रतिस्पर्धा गर्न पाउने व्यवस्था गरियोस् ।
- बहालवाला कर्मचारीले लोकसेवा आयोगको परीक्षा पास गरी माथिल्लो पदमा नियुक्त भएमा साविकको पदको सेवा अवधि जोड्न पाउने र कर्मचारीले स्थायी नियूक्ति लिनु भन्दा अघि स्थायी वा विकास तर्फको पदमा निरन्तर सेवा गरेको भए त्यस्तो सेवा अवधि समेत जोडाउन पाउने व्यवस्था गरियोस् र यस्तो सेवा अवधि जोड्न छुट भएकाहरुको हकमा एक पटकलाई निश्चित समयावधि तोकी सेवा अवधि जोड्न पाउने व्यवस्था गरियोस् ।
- उमेर हदका कारण सेवा निवृत्त हुने कर्मचारीको सेवा अवधि २० (बिस) बर्ष पुरा नभए पनि पेन्सन उपलब्ध गराउने व्यवस्था गरियोस् ।
- बढुवा प्रयोजनको लागि दुर्गम क्षेत्रमा काम गरे वापत प्राप्त हुने भौगोलिक क्षेत्रको अंकमा वृद्धि गरीयोस् । साथै बढुवाको लागि योग्य हुन दुर्गम स्थानमा निश्चित अवधि रुजु हाजिर भई सेवा गर्नै पर्ने व्यवस्था गरियोस् ।
- कार्य सम्पादन सम्झौतामा अति उत्तम, उत्तम र सन्तोषजनक अंक प्राप्त गरेको कर्मचारी मात्र बढुवा तथा आन्तरिक प्रतियोगिताद्वारा हुने पदपूर्तिको सम्भाव्य उम्मेदवार हुन पाउने व्यवस्था गरियोस् ।
- आठ कक्षा उर्तिण भएका र वीस वर्ष सेवा अवधि पूरा गरेका श्रेणी विहिन कर्मचारीको सम्वन्धित सेवा समुहको चौथो तहमा बढुवा गर्ने व्यवस्था गरियोस् ।
- सेवा अवधिभर कम्तिमा पाँच तहमा अनिवार्य बढुवा हुने ब्यवस्था सुनिश्चित गरियोस् ।
- दश बर्ष सेवा अवधि पुरा भएका श्रेणी विहीनः वनरक्षक, गेमस्काउट, कार्यालय सहयोगी, हुलाकी-हल्कारा लगायत सम्पूर्ण श्रेणी विहिन कर्मचारीलाई उपयुक्त पदनाम सहित पदोन्नति हुने व्यवस्था गरियोस् । बढुवा प्रयोजनका लागि अनिवार्य गरिएका तालिम सर्वशुलभ रुपमा लिन सक्ने गरियोस् ।
- स्वास्थ्य सेवा अन्तर्गत नर्सिङ्ग सेवा लगायतका पदहरुमा बढुवाको लागि दुर्गम क्षेत्रमा सेवा गर्नै पर्ने व्यवस्था भएको तर दुर्गम क्षेत्रमा रहि सेवा गर्न कतिपय पदहरु पर्याप्त दरबन्दी नभएका कारण वीसौं वर्षसम्म वृत्ति विकासबाट वञ्चित हुनुपर्ने अवस्था भएकोले दुर्गम क्षेत्रमा अनिवार्य सेवा गर्नु पर्ने बाध्यात्मक व्यवस्था हटाई दुर्गम क्षेत्रमा काम गरेको भौगोलिक अंक बढी कायम गरी हालको निजामती सेवा ऐनमा भएको जस्तै ब्यवस्था गरियोस् ।
- स्वास्थ्य सेवाको समायोजनमा तहगत रुपमा भएकोले स्वास्थ्य संस्थाको प्रमुख पनि जेष्ठताको आधारमा हुने व्यवस्था गरियोस् । साथै अन्य सेवाहरुको जस्तै स्वास्थ्य सेवामा पनि तह अनुसारको पद नाम कायम गर्ने व्यवस्था गरियोस् ।

- तिनै तहको स्वास्थ्य सेवा क्रमशः प्रभावकारी, सेवामुलक तथा अनुसन्धानमुलक बनाउन संगठन तथा व्यवस्थापन परिक्षण गरि अन्तराष्ट्रिय मापदण्ड अनुसार दरबन्दी सिर्जना गर्ने व्यवस्था गरियोस् ।
- आन्तरिक प्रतियोगितात्मक परिक्षाद्वारा बढुवा गरिने राजपत्राङ्कित प्रथम श्रेणीसम्मको पदमा सो पदका लागि तोकिए बमोजिम सेवा अवधी र योग्यता पुगेका नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ बमोजिमको सेवामा कार्यरत सबै कर्मचारी सम्भाव्य उम्मेदवार हुने व्यवस्था गरियोस् ।
- कुनै पनि पदको माथिल्लो पद भएको तर शैक्षिक योग्यता भएर पनि विषय नमिलेका कर्मचारीहरु र माथिल्लो पदनै नभएको पदमा कार्यरत कर्मचारीहरु एउटै पदमा १० बर्षभन्दा बढी सेवा अवधि पुरा गरेको छ भने माथिल्लो श्रेणीको विशेष पद सृजना गरेरै भएपनि बढुवा गर्ने व्यवस्था गरियोस् ।
- श्रेणी विहिन वा रा.प.अन. पाँचौं श्रेणीमा कार्यरत नेपाल इन्जिनियरिङ सेवा अर्न्तगत हलुका सवारी चालक र हेभी सवारी चालकलाई सेवा अवधि २० वर्ष पूरा गरेको ८ कक्षा उर्तिण गरेको र कार्यसम्पादन मूल्यांकनमा ९५ प्रतिशत अंक प्राप्त गरेका कर्मचारीलाई सो समूहको रा.प.अन.द्वितिय श्रेणी (सहायक स्तर चौथो तह)मा स्वतः बढुवा गर्नु पर्ने व्यवस्था गरियोस् ।
- मौजुदा निजामती सेवा ऐनको दफा २० र दफा ३५ मा भएको विशेष बढुवा (अवकास हुनु भन्दा १ महिना अघि एक श्रेणी माथिको पदमा गरिने बढुवा)को व्यवस्था यथावत राखी एउटै श्रेणीको पदमा १५ बर्ष सेवा अवधि गरेको भन्ने सट्टा १० वर्ष भन्दा बढी सेवा अवधि भएकोले पाउने ब्यवस्था गरियोस् ।
- एउटै पदमा कम्तिमा १० वर्ष सेवा गरेका र उमेर ५० पुरा भई निरवृत्तिभरण प्राप्त गर्ने सेवा अवधि पुगेका कर्मचारीले एक श्रेणी बढुवा भई अवकास लिन चाहेमा त्यस्तो कर्मचारीलाई एक श्रेणीको पदमा बढुवा गरी अवकाश दिने व्यवस्था गरियोस् ।
- जुन सुकै सेवा समुहको पदमा सेवा प्रवेश गर्दा तोकिएको विषयको न्यूनतम शैक्षिक योग्यता भन्दा सोहि विषयमा माथिल्लो शैक्षिक योग्यता हाँसिल गरेमा माथिल्लो पदमा सेवा प्रवेशको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता हाँसिल गरेको मान्यता दिने व्यवस्था गरियोस् । तोकिएको तहको शैक्षिक योग्यता भए पनि विषय नमिलेकै कारण वृत्ति विकासको अवसरबाट कुनै पनि कर्मचारीलाई बन्चित नगरियोस् ।
- आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा बढुवा गरिने राजपत्राकिंत प्रथम श्रेणीसम्मको पदमा सो पदका लागि तोकिए बमोजिम सेवा अवधि र योग्यता पुगेका यस ऐन, व्यवस्थापिका (संसद सचिवालय) सम्बन्धी ऐन, २०६४ र नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ बमोजिमको सेवामा कार्यरत सबै कर्मचारी सम्भाव्य उम्मेदवार हुने छन् भनि साविकको निजामती सेवा ऐनको दफा ७ को उपदफा १४ मा संशोधन गरि संघीय निजामती सेवा ऐनमा व्यवस्था गरियोस् ।
- श्रेणी विहिन पदमा वा रा.प.अन.पाँचौं श्रेणीमा कार्यरत कार्यालय सहयोगी कर्मचारीको सेवा अवधि २० वर्ष पूरा भएको र रा.प.अन.द्वितिय श्रेणीको सेवा प्रवेशको लागि चाहिने न्यूनतम शैक्षिक योग्यता पूरा गरेको र कार्य सम्पादन मुल्याङ्कनमा ९५ प्रतिशत वा सो भन्दा वढी अंक प्राप्त गरेका कर्मचारीलाई रा.प.अन.द्वितिय श्रेणी खरिदार पद ( सहायक स्तर चौथो तह)मा स्वतः बढुवा हुने व्यवस्था गरियोस् ।

**६. संगठन संरचनाः**

कार्य प्रकृति, कार्यबोझ तथा कार्य विशिष्टीकरणका आधारमा तीनै तहमा मौजुदा संगठनको पुर्नसंरचना गर्नुपर्ने साथै संगठन व्यवस्थापन सर्वेक्षण नगरी सिर्जना गरिएका दरवन्दी तथा पदहरु राष्ट्रिय कितावखानामा दर्ता नहुने व्यवस्था गरियोस् ।

**७. कार्य सम्पादन सम्झौताः**

- सबै कर्मचारीहरुले आफुले सम्पादन गर्नुपर्ने कामको कार्य सम्पादन सम्झौता गरेर मात्र काम गर्ने व्यवस्था गरियोस् ।
- कार्य सम्पादन सम्झौताको प्रगतिको अंक नै कार्य सम्पादन मूल्याङ्कनको अंक हुने व्यवस्था गरियोस् ।
- मन्त्रालयको सचिवको कार्य सम्पादन मूल्याङ्कन समग्र मन्त्रालय र मातहत निकायको प्रगतिको औसतले हुन आउने प्रगतिलाई आधार मान्ने व्यवस्था गरियोस् ।

- विभागीय प्रमुखको कार्य सम्पादन मूल्याङ्कन समग्र विभाग र माताहत निकायको प्रगतिको औसतले हुन आउने प्रगतिलाई आधार मान्ने व्यवस्था गरियोस् ।
- कार्यालय प्रमुखको कार्य सम्पादन मूल्याङ्कन समग्र कार्यालयको र मातहत कर्मचारीको प्रगतिको औसतले हुन आउने प्रगतिलाई आधार मान्ने व्यवस्था गरियोस् ।
- कार्य सम्पादन मूल्याङ्कन हुँदा ९० प्रतिशत वा सो भन्दा बढि अंक अति उत्तम, ८० देखि ९० प्रतिशत उत्तम, ६० देखि ८० सन्तोषजनक र ६० प्रतिशत भन्दा कम अंक प्राप्त भएमा सुधार गर्नुपर्ने सूचिमा सूचिकृत गरी अति उत्तम वा उत्तम अंक प्राप्त गर्ने कर्मचारीलाई मात्र मन्त्रालय, विभाग, कार्यालय वा आयोजनाका नेतृत्व प्रदान गर्ने व्यवस्था गरियोस् ।

**८. भौगोलिक क्षेत्रको विभाजनः**

साविकको भौगोलिक क्षेत्रको पुनः वर्गिकरण गर्दै स्थानीय तहका आधारमा भौगोलिक क्षेत्रको अंक निर्धारण गरी भौगोलिक क्षेत्रको अंक २० पुऱ्याउने र भौगोलिक क्षेत्रको विभाजन निम्नानुसार हुने प्रदान गर्ने व्यवस्था गरियोस् ।

- "क" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि अंक ४ का दरले,
- "ख" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि अंक ३.२५ का दरले,
- "ग" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि अंक २.७५ का दरले,
- "घ" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि अंक १.५ का दरले ।

**९. सामाजिक सुरक्षा :**

- निवृत्तिभरण गणना गर्दा खाईपाई आएको तलवको गुणान सेवा वर्ष भागा ४० कायम गर्नुपर्ने व्यवस्था गरियोस् ।

$$\frac{\text{जम्मा सेवा बर्ष x आखिरी तलब रकम}}{४०}$$

- असाध्यरोगको परिभाषामा स्वास्थ्य मन्त्रालयको परिभाषा भित्रकोलाई समेटी निजामती कर्मचारीका परिवार र निवृत कर्मचारीलाई समेट्ने र त्यस्तो रोग लागी नेपाल सरकारद्वारा गठित मेडिकल बोर्डबाट सिफारिस भएमा त्यस्तो कर्मचारी र निजको परिवारलाई एकमुष्ट रुपमा दश लाख रुपैया उपलब्ध गराउने व्यवस्था गरियोस् ।
- करार सेवाका कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्धता गराउने व्यवस्था गरियोस् ।
- प्रदेश तथा स्थानीय निकायमा कार्यरत कर्मचारीहरुको आधारभूत तलवमान संघीय सरकारका कर्मचारीहरुको भन्दा कम हुन नहुने व्यवस्था गरियोस् ।
- कुनै निजामती कर्मचारी सेवामा छँदै मृत्यु भएमा त्यस्तो निजामती कर्मचारीको परिवारलाई एकमुष्ट रुपमा पन्ध्र लाख बिशेष आर्थिक सुविधा उपलब्ध गराउने व्यवस्था गरियोस् ।
- निवृत्तिभरण पाउने गरी नियुक्ति भएको कर्मचारीको २० बर्ष सेवा अवधि नपुग्दै मृत्यु भएमा वा स्वास्थ्यको कारणबाट सेवा गर्न असमर्थ भएमा त्यस्तो कर्मचारीको २० बर्ष पुग्न जति अवधि बाँकी छ सो अबधि थप गरी निवृत्तिभरणको व्यवस्था गरियोस् ।
- कुनै निजामती कर्मचारीको मातापिताको मृत्यु भएमा किरिया विदाका साथै एकमुष्ट रुपमा एक लाख रुपैंया क्रिया खर्च उपलब्ध गराउने व्यवस्था गरियोस् ।
- तीनै तहमा कार्यरत सबै सेवाका कर्मचारीहरुलाई निजामती अस्पतालबाट उपचार सुविधा उपलब्ध गराउनु पर्ने र निजामती अस्पताललाई सात वटै प्रदेशमा विस्तार गरी यसको स्तर तथा क्षमता बृद्धि एवम् सर्वशुलभ सेवा प्रवाह गर्ने व्यवस्थाका साथै यसबाट कर्मचारी तथा कर्मचारी परिवारलाई प्रदान गरिने सेवा पूर्ण रुपमा निस्शुल्क गरियोस्। निजामती अस्पताल नभएका जिल्लाका कर्मचारीहरुको हकमा जिल्ला, प्रादेशिक र संघीय अस्पतालबाट समेत यसै किसिमको सेवा सुबिधा उपलब्ध गराउने व्यवस्था गरियोस् ।

- निजामती कर्मचारीका बढिमा २ जना सन्ततीलाई जुनसुकै विषयमा स्नातक तहसम्म अध्ययनको लागि सन्तती छात्रवृत्ति उपलब्ध गराउने व्यवस्था गरियोस् ।
- कर्मचारीलाई जग्गा खरिद, घर निर्माण र सवारी साधन खरिदका लागि कोषको स्थापना गरि १ प्रतिशत ब्याज दरमा आवश्यकता अनुसार सरल कर्जा उपलब्ध गराउने ब्यबस्था गरियोस् ।
- निजामती कर्मचारीलाई हरेक बर्ष एक महिनाको तलब बरावरको रकम सहित कम्तीमा पन्ध्र दिन पर्यटन काजको ब्यवस्था गरियोस् ।
- सावधिक जीवन विमाको अंकलाई बढाएर न्यूनतम ५ लाख रुपैंया पुऱ्याउने व्यवस्था गरियोस् ।
- प्रदेश र स्थानीय तहमा स्थानीय निकायबाट समायोजन भएका र प्रदेश लोकसेवा आयोगबाट नियुक्त हुन आउने कर्मचारीको सेवा सुरक्षा र निवृत्त भविश्यको सुनिश्चितताका लागि योगदानमा आधारित सामाजिक सुरक्षाको लागि सामाजिक सुरक्षा कोष वा संचय कोषमा सो बापतको रकम कट्टि गर्ने व्यबस्था तत्काल गरियोस् ।

१०. **सेवा सुविधा र सुरक्षाः**

- न्यूनतम जीवन निर्वाह गर्न पुग्ने गरी कम्तिमा सार्क राष्ट्रका मापदण्ड बमोजिम तलव भत्ताको व्यवस्था गर्नुका साथै ऐनबाट नै तलव भत्ता स्वचालित रुपमा वृद्धि हुने व्यवस्था गरियोस् । तलब भत्ता पुनरावलोकन आयोगलाई नियमित बनाई कर्मचारीले खाईपाई आएको तलब, भत्ता, चाडपर्व खर्च, उपचार खर्च, विमा, बिदा लगायतका प्रावधान कायम राख्दै महंगीको आधारमा स्वत तलव बृद्धि हुने प्रावधान राखियोस् ।
- यातायातको साधन नपाउने कर्मचारीलाई परिवहन खर्च, आवासको सुविधा नपाउने कर्मचारीलाई घरभाडा उपलब्ध गराउने व्यवस्था गरियोस् ।
- तत्कालिन सरकारले जारी गरेको कर्मचारी समायोजन ऐन, २०७५ बमोजिमको कर्मचारी स्वेच्छिक अवकास योजना ल्याइयोस् ।
- उपदानको अंकमा बृद्धि गरी ५ वर्ष देखि १० वर्षसम्म सेवा गरेमा काम गरेको प्रत्येक वर्षको निमित्त १ महिनाको तलब १० वर्ष देखि १५ वर्ष सेवा पूरा भएपछि २ महिनाको तलब र १५ वर्ष भन्दा वढी र २० वर्ष भन्दा कम पूरा भएपछि ४ महिनाको तलव बराबरको उपदान उपलब्ध गराउने व्यवस्था गरियोस् ।
- १८० दिन भन्दा बढी घरविदा संचित हुने व्यवस्था वा १८० दिन भन्दा वढी संचित घर विदाको रकम सोहि आर्थिक वर्षको अन्त्यमा भुक्तानी गर्ने व्यवस्था गरियोस् ।
- राजपत्रांकित तृतिय श्रेणी वा सो भन्दा माथिका कर्मचारीका लागि २० महिना, राजपत्र अनंकित प्रथम श्रेणी वा सो सरहका कर्मचारीको हकमा २५ महिना र राजपत्र अनंकित द्वितिय वा सो भन्दा मुनिको कर्मचारीको हकमा ३० महिना वरावरको औषधि उपचार खर्च उपलब्ध गराउने व्यवस्था गरियोस् ।
- कर्मचारीले पाउने ग्रेड संख्याको सीमा हटाई काम गरेको वर्षको आधारमा हरेक वर्ष ग्रेड संख्या थप गर्ने व्यवस्था गरियोस् ।
- वन रक्षक, गेम स्काउट लगायतका सबै प्राविधिक कर्मचारीहरुलाई नियमित रुपमा प्राविधिक ग्रेड उपलब्ध गराउने र श्रेणी विहिन कर्मचारीहरुको ग्रेड संख्या वृद्धि गरियोस् । साथै श्रेणी विहिनलाई दिइदै आएको अधिकतम् ग्रेड संख्या ४ (चार)लाई वृद्धि गरियोस् ।
- सेवा निवृत्त कर्मचारीहरुको मृत्यु भएमा निजको पति वा पत्नीलाई दिइदै आएको पारिवारिक निवृत्तिभरण बापतको रकम आजीवन रुपमा पूरै दिने व्यवस्था गरियोस् ।
- कुनै निजामती कर्मचारीले यस अघिको सेवामा अविछिन्न रुपमा स्थायी वा विकासतर्फको स्थायी सेवा गरी निजामती सेवाको पदमा पुनः स्थायी नियुक्ति पाएका कर्मचारीहरुको सेवा अवधि उपदान/निवृत्तिभरण प्रयोजनका लागि गणना गर्ने व्यवस्था गरियोस् ।
- साविक निजामती सेवाबाट प्रदेश तथा स्थानीय तहमा समायोजन भई स्थानीय वा प्रदेशतहको लागि संचालित भर्ना प्रकृयाबाट स्थानीय वा प्रदेश तहको कुनै पदमा नियुक्त हुने निजामती कर्मचारीको सेवा निरन्तरता कायम गरियोस् ।

- परिक्षणकाल सकेर काममा रहेको जुनसुकै तहको स्थायी निजामती कर्मचारी सरकारी कामको सिलसिलामा वा सरकारले तोकेका ५ वाट ठुला रोग लागि मृत्यबरण गर्नु परेमा १० बर्ष तल सेवा अबधि र १० बर्ष माथीको सेवा अवधिलाई गणना गरेर आधारभुत तलब स्केलको निश्चित प्रतिशत पारिवारिक निबृतिभरण पाउने व्यवस्था गरियोस् ।
- Pay for performance को अवधारणालाई संघीय निजामती सेवा ऐन तथा नियमावलीमा नै व्यवस्था गरी कार्यान्वयनमा ल्याइयोस् ।
- कृषि, पशु, वन, इन्जिनियरिङ, स्वास्थ्य आदि सेवा र समुह अन्तर्गतका फिल्डमा काम गर्ने कर्मचारीहरुलाई थपफिल्ड भत्ता सहित फिल्ड कार्यालय स्थापना गर्ने प्रवन्ध गरियोस् । साथै जोखिम पूर्ण कार्यमा कार्यरत कर्मचारीहरुलाई जोखिम भत्ताको व्यवस्था गरियोस् ।
- बहालवाला कर्मचारीले लोकसेवा आयोगको परीक्षा पास गरी माथिल्लो पदमा नियुक्त भएमा साविकको पदको सेवा अवधी जोड्न पाउने र कर्मचारीले स्थायी नियूक्ति लिनु भन्दा अघि स्थायी वा विकास तर्फको पदमा निरन्तर सेवा गरेको भए त्यस्तो सेवा अवधि समेत जोडाउन पाउने व्यवस्था गरियोस् र यस्तो सेवा अवधि जोड्न छुट भएकाहरुको हकमा एक पटकलाई निश्चित समयावधि तोकी सेवा अवधि जोड्न पाउने व्यवस्था गरियोस् ।
- निजामती कर्मचारी कुनै कारणले निलम्वन भएपछी निलम्वन फुकुवा भएपश्चात कानून वमोजिम निजले पाउने आम्दानी जोड्दा जुन वर्षमा जति पारिश्रमिक पाउनु पर्ने हो सोहि वर्षको आम्दानी वमोजिम हिसाव गणना गरि कर नलाग्ने व्यवस्था कायम गरियोस् ।
- सम्वत् २०४९ साल कार्तिक २१ गते भन्दा अघिदेखि निजामती सेवामा तथा संघीय कानून बमोजिम सरकारी सेवाबाट प्रदेश तथा स्थानीय तहमा समायोजन भई बहाल रहेका ५८ बर्ष उमेर पुरा भएका कारणबाट साविक ऐनको दफा ५४ को उपदफा बमोजिम अनिवार्य अवकास हुने निजामती कर्मचारीको सेवा अवधिमा निवृत्तिभरण प्रयोजनका लागि २ बर्ष अवधि थप गरि निजको जम्मा अवधि कायम गरियोस् ।
- सुरु निवृत्तभरण रकम सेवानिवृत्त हुदाका बखत खाईपाई आएको रकम भन्दा बढि नहुने भनी मौजुदा व्यवस्थामा संशोधन गरियोस् ।
- मौजुदा निजामती सेवा ऐन २०४९ (संशोधन सहित) को दफा ५८ मा भएका “सेवा शर्तको सूरक्षा” सम्बन्धी व्यवस्थासँग नबाझ्ने गरी ऐन निर्माण गरियोस् ।

**११. कर्मचारी कल्याण कोष :**

निजामती कर्मचारी र निजको परिवारको हितका लागि एक कर्मचारी कल्याण कोष व्यवस्था गरि कल्याणकारी योजना मार्फत कर्मचारीको हित एवं आत्मनिर्भरता विकास गर्न देहायका कार्यक्रमहरु समेत सञ्चालन गरियोस्:

- निजामती अस्पताल शिक्षण अस्पतालको रुपमा विकास र प्रदेश स्तरमा विस्तार
- निजामती वहुप्राविधिक महाविद्यालय स्थापना र संचालन
- निजामती कागज उद्योग स्थापना र संचालन
- निजामती कपडा उद्योग स्थापना र संचालन
- निजामती जलविद्युत परियोजना

**१२. अनिवार्य अवकास :**

- सेवा निवृत्त कर्मचारीहरुको अनुभव, योग्यता, ज्ञान, सीप र क्षमता राष्ट्र निर्माणमा उपयोग हुने वातावरण बनाईयोस् ।
- निजामती कर्मचारीको अवकास पछिको जीवन सहज र सरल बनाउनका लागि जीवनोपयोगी तालिम तथा प्रशिक्षण कार्यक्रम संचालन गर्ने व्यवस्था गरियोस् ।
- निजामती कर्मचारीको अनिवार्य अवकास ६० वर्ष कायम गरियोस् ।

**१३. अध्ययन, भ्रमण र तालिम :**

- बढुवाको लागि भन्दा पनि क्षमता बिकासका लागि तालिम प्रदान गर्ने व्यवस्था गरियोस् ।
- नेपाल सरकारबाट मनोनयन हुने बैदेशिक अध्ययन, भ्रमण र तालिमका लागि खटाउदा सबै तह, सेवा समूह र पदका लागि समानुपातिक रुपमा बाँडफाँट गर्ने व्यवस्था गरियोस् ।
- कुनै पनि निजामती कर्मचारीलाई सेवा प्रवेश संगै अनिवार्य तालिमको व्यवस्था गरियोस् ।
- निजामती कर्मचारीका लागि स्वदेश वा विदेशमा छात्रवृत्ति प्राप्त गरी उच्च शिक्षा अध्ययनका लागि पाउने अवसरलाई सबै सेवा समूह र पदका कर्मचारीले पाउने व्यवस्था गरियोस् ।

**१४. ट्रेड यूनियन :**

- जहाँ सरकार त्यहाँ ट्रेड यूनियन भन्ने मान्यतालाई स्थापित गर्न निजामती सेवा ऐन २०४९ (संशोधनसहित) को दफा ५३ र स्वास्थ्य सेवा ऐन, २०५३ मा भएको राजपत्राङ्कित द्वितिय श्रेणी (कार्यालय प्रमुखबाहेक) सम्मका निजामती कर्मचारीहरु ट्रेड युनीयनमा सहभागी हुन पाउने गरी राष्ट्रिय स्तरका ट्रेड युनियन सहित सामाजिक संवाद र सामुहिक सौदावाजी अधिकार भएको समावेसी चरित्रको आधिकारिक ट्रेड युनियन गठन र संचालन सम्बन्धि मौजुदा व्यवस्था जस्ताको तस्तै राखियोस् । साथै संघ, प्रदेश र स्थानीय तहमा समेत एकिकृत ट्रेड युनियन अधिकारको प्रबन्ध गर्ने व्यवस्था मिलाइयोस् ।
- समावेशी तथा समानुपातिक सहितको ट्रेड युनियको सुनिश्चिता गरियोस् ।
- सम्बन्धित प्रदेश र स्थानीय तहमा मात्र ट्रेड युनियन अभ्यास हुने गरी दर्ता भएको अवस्थामा बाहेक नेपाल सरकारले संघमा दर्ता रहेको राष्ट्रिय स्तरका ट्रेड युनियनहरु वीच गराएको निर्वाचनमा राष्ट्रिय स्तरको ट्रेड युनियनको मान्यता प्राप्त ट्रेड यूनियनले प्रदेश तथा स्थानीय तहमा ट्रेड यूनियन अभ्यास गर्न पाउने व्यवस्था गरियोस् ।
- स्वास्थ्य सेवा तथा संसद सेवा अन्तर्गतका कर्मचारीहरु एवं पछिल्लो पटक लोकसेवा आयोग पास गरी स्थानीय तहमा नियुक्त भएका कर्मचारीहरुलाई पनि आवश्यक कानूनी प्रवन्ध गरी आगामी आधिकारिक ट्रेड युनीयनको निर्वाचनमा सहभागी हुन पाउने व्यवस्था गरियोस् ।
- निजामती कर्मचारीसँग सरोकार राख्ने नीति तथा कानून निर्माण गर्दा आधिकारिक ट्रेड युनियनको सहभागिता अनिवार्य हुने व्यवस्था संघीय निजामती सेवा ऐनमा गरियोस् ।
- निजामती अस्पताल, कर्मचारी सञ्चय कोष, योगदानमा आधारित निवृत्तिभरण कोष, नागरिक लगानी कोष र सामाजिक सुरक्षा कोष लगायतका निजामती कर्मचारीहरुको योगदान हुने संस्थाहरुमा आधिकारिक ट्रेड यूनियनको अनिवार्य प्रतिनिधित्व हुने व्यवस्था संघीय निजामती सेवा ऐनमा सुनिश्चितता गरियोस् ।
- हालको ऐनमा व्यवस्था भएको तलव भत्ता पुनरावलोकन समिति, तालिम अध्ययन, अध्ययन भ्रमणको लागि मनोनयन समितिमा आधिकारिक ट्रेड युनियनको प्रतिनिधित्व हुने व्यवस्था कायम गरियोस् ।

१५. **संघीय निजामती सेवा, प्रदेश निजामती सेवा र स्थानीय सेवावीच प्रशासनिक अर्न्तसम्बन्ध कायम गर्न गरिनु पर्ने व्यवस्थाः**

- प्रदेश र स्थानीय तहमा समायोजन भई ५ वर्ष सेवा अवधि पुरा भएका निजामती सेवाका कर्मचारीहरुलाई संघमा सरुवा गर्नु पर्ने व्यवस्था गरियोस् ।
- लोकसेवा आयोगबाट समायोजन ऐन अनुसार नियुक्ति भएका तथा प्रदेश लोकसेवा आयोगबाट स्थानीय तह तथा प्रदेशमा पदपूर्ति भएका कर्मचारीहरु २ वर्ष सेवा अवधी पुरा भएपछि अन्तर तह र अन्तर प्रदेश सरुवा स्थानीय तहको हकमा प्रदेश मूख्यमन्त्रीको कार्यालय र अन्तर प्रदेशको हकमा संघीय मामिला तथा स्थानीय प्रशासन मन्त्रालयबाट हुन पाउने व्यवस्था गरियोस् ।
- साविक निजामती सेवा, स्वास्थ्य सेवा र स्थानीय निकाय लगायतवाट प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारी तथा स्वीकृत भएका स्थायी पदहरु प्रदेश निजामती सेवाका पद तथा कर्मचारीको परिभाषामा समेट्ने व्यवस्था गरियोस् ।

- प्रदेश र स्थानीय तहमा रिक्त हुने प्रदेश निजामती सेवाका पदपुर्ति, भर्ना, सरुवा तथा वढुवा प्रदेश निजामती सेवा ऐन बमोजिम गरियोस् ।
- प्रदेश निजामती सेवाका रिक्त पदपूर्ति गर्न प्रत्येक जिल्लालाई एक इकाई मानि पाँचौं तहसम्मको वढुवा समिति प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा हुने र प्रदेश लोकसेवा आयोगमा प्रतिनिधित्व समेत सदस्यको रुपमा रहने छैटौं तहभन्दा माथिको वढुवा समिति लोकसेवा आयोगको अध्यक्षको अध्यक्षतामा तोकिए बमोजिम गठन हुने व्यवस्था गरियोस् ।
- साविक निजामती सेवा र स्वास्थ्य सेवाबाट प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीको अन्तरसेवा प्रतियोगितामा उमेदवार हुन हाल सेवारत पदको सेवा अवधि समेत गणना गरिने व्यवस्था गरियोस् ।
- साविक स्थानीय निकायबाट प्रदेश र स्थानीय तहमा समायोजन भएका स्थानीय निकायका कर्मचारी समायोजन नियुक्ती पाएको मितिले पाँचवर्ष पुरा भएपछि प्रदेश र संघीय निजामती सेवाको अन्तर सेवाको लागी योग्य हुने व्यवस्था गरियोस् ।
- प्रदेश निजामती सेवा र स्थानीय सेवाका कर्मचारीहरुको अभिलेख प्रदेश निजामती कितावखानामा आवधिक राख्ने र सोको जानकारी राष्ट्रिय कितावखानामा वार्षिक रुपमा जानकारी पठाउने व्यवस्था गरियोस् ।
- साविक निजामती सेवाबाट प्रदेश तथा स्थानीय तहमा समायोजन भई स्थानीय वा प्रदेशतहको लागि संचालित भर्ना प्रकृयाबाट स्थानीय वा प्रदेश तहको कुनै पदमा नियुक्त हुने निजामती कर्मचारीको सेवा निरन्तरता कायम गरियोस् ।

१६. **निजामती सेवाको सुधार, जनशक्ति विकास एवं विविधः**

- नेपालको संविधान २०७२ अनुकुल हुने गरी संघीय निजामती सेवा ऐन, प्रदेश निजामती सेवा ऐन र स्थानीय सेवा ऐन जारी गरियोस् ।
- सवै स्थानीय तह, जिल्ला, प्रदेश र केन्द्रीयस्तरका कार्यालयहरुमा शिशु स्याहार केन्द्र संचालन गर्ने व्यवस्था गरियोस् ।
- विवाह गर्ने निजामती कर्मचारीलाई एक पटकको लागि १५ दिनको विवाह विदाको व्यवस्था गरियोस् ।
- निजामती सेवालाई विद्युतीय प्रणाली (ICT base service delivery system)मा लैजाने तथा सेवा प्रवाहमा टोकन प्रणाली, नागरिक बडापत्रको प्रयोग र फ्रण्टलाइन डेस्कको व्यवस्था गरियोस् ।
- विभिन्न निकायहरुद्धारा प्रदान गरिने सेवा प्रवाहमा एकद्धार प्रणाली लागु गरियोस् ।
- कर्मचारीहरुलाई परेका पिरमर्का र गुनासो सुनवाई गर्न र अन्याय हुन नदिन प्रभावकारी संयन्त्र बनाईयोस् ।
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको नाम संघीय मामिला तथा जनशक्ती विकास मन्त्रालय कायम गरियोस् ।
- कुन क्षेत्रमा कति जनशक्ति चाहिने हो तथ्यांक संकलन गरी सोही संख्या बमोजिमको जनशक्तिको उत्पादन तथा विकास गर्न विद्यालय र विश्वविद्यालयसंग समन्वय गर्ने व्यवस्था गरियोस् । (विश्वविद्यालयले आवश्यक विधामा कोटा बढाउने र अनावश्यक विधामा कोटा घटाउने)
- बिषयगत प्राबिधिक जनशक्ति उत्पादनमा जोड दिइयोस् ।
- विश्वविद्यालयका मेधावी बिद्यार्थीलाई सरकारी सेवा प्रवेशमा उत्प्रेरित गर्ने व्यवस्था गरियोस् ।
- विद्यालय एवं बिश्वविद्यालय तहमा उत्पादनमुखि, सीपमुलक, एवं रोजगार केन्द्रित पाठ्यक्रम निर्माणमा समन्वय हुने व्यवस्था गरियोस् ।
- नेपालका सरकारी निकायहरुबाट नै योजनाको detail project report, EIA report, project सञ्चालन गर्न सक्ने क्षमता विकास गर्ने (Project operating capacity bulid up), Technical and mechanical capacity bulid up गर्ने गरी जनशक्तिको बिकास एवं ब्यबस्थापन गर्ने व्यवस्था गरियोस् ।
- कुनै महिला कर्मचारी स्थायी नियुक्त हुनुपूर्व सुत्केरी अवस्थामा रहेको भएमा नियुक्त पश्चात नियमानुसार प्रसुती विदा उपलब्ध गराउने व्यवस्था गरियोस् ।

- सेवानिवृत्त सरकारी कर्मचारीहरु २ वर्ष नभई नेपाल सरकारको नियुक्ति बाहेक अन्य गैरसरकारी संस्थाहरुमा प्रतिनिधित्व गर्न वा नोकरी गर्न नहुने व्यवस्था गरियोस् ।
- कुनै कर्मचारी निवृत्त हुँदा निजले पाउने रकममा कुनै प्रकारको कर नलाग्ने व्यवस्था गरियोस् ।
- स्वास्थ्य सेवा ऐनमा व्यवस्था भएको बढुवा सम्बन्धी योग्यताको आधार यथावत कायम राख्ने व्यवस्था गरियोस् ।
- विषादी, ल्याव, पोखरी, पशु उपचार जस्ता जोखिमयुक्त काममा कार्यरत कर्मचारी र फिल्डमा कार्यरत रहि सेवा दिने कर्मचारीलाई जोखिम तथा फिल्ड भत्ता र सुरक्षाको प्रत्याभूति गरियोस् ।
- निजामती कर्मचारीहरुले सञ्चालन गरेका सहकारीहरुको सदस्य बन्न र प्रतिनिधित्व गर्न बाधा नपर्ने व्यवस्था गरियोस् ।
- निजामती कर्मचारीहरुले निर्वाचनको वखत निर्वाचनमा खटिएकै स्थानबाट मतदान गर्न पाउने व्यवस्थााको सुनिश्चितता गरियोस् ।
- नेपाल न्याय सेवा, नेपाल परराष्ट्र सेवा तथा नेपाल लेखापरीक्षण सेवाको पदमा अन्तरसेवा प्रतिस्पर्धाको पद संख्या ज्येष्ठता र कार्यसम्पादन मूल्यांकनद्वारा पदपूर्ति हुने पदमा समावेश गर्ने व्यवस्था कायम गरियोस् ।
- कर्मचारीको तलव भत्ताबाट २० प्रतिशत संचयकोष कट्टा गरी सो रकममा सरकारको तर्फबाट शतप्रतिशत थप गर्ने व्यवस्था गरियोस् ।
- समान पद/तहमा आवश्यकता अनुसार सेवा, समूह, उपसमुह परिवर्तन गर्न सक्ने व्यवस्था गरियोस् ।
- निजामती सेवाको विभिन्न पदहरुको व्यवस्थापन सर्भेक्षण गर्ने क्रममा सम्वन्धित सेवाका पदहरु तथा विविध सेवाका पद नरहि फाजिल परेका कर्मचारीलाई निजको शैक्षिक योग्यता र तोकिए बमोजिमको सेवा अवधि पूरा भएका कर्मचारीलाई निजको इच्छा अनुसार प्रदेश र स्थानीय तहको मिल्दो सेवाको पदमा व्यवस्थापन गर्ने व्यवस्था गरियोस् ।
- बहालवाला र सेवानिवृत्त निजामती कर्मचारीलाई न्यूनतम क्यालोरी तोकि सो अनुसारको रासन सहुलियत दरमा उपलब्ध गराउन “निजामती  कर्मचारी रासन कार्ड”को व्यवस्था गरियोस् ।

..............
अध्यक्ष
नेपाल निजामती कर्मचारी संगठन
जिल्ला कार्य समिति जाजरकोट

................
अध्यक्ष
नेपाल निजामती कर्मचारी युनियन
जिल्ला कार्य समिति जाजरकोट

................
अध्यक्ष
नेपाल राष्ट्रिय कर्मचारी संगठन(निजामती)
जिल्ला कार्य समिति जाजरकोट

....................
अध्यक्ष
एकीकृत सरकारी कर्मचारी संगठन, नेपाल
जिल्ला कार्य समिति जाजरकोट